प्रथम बैठक: गाउँ सभाको तेह्रौं अधिवेशन मिति २०८२/०३/०४ गते विहान ९:०० वजे

प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०८२ सभाध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

२. विषयगत समितिहरुको प्रतिवेदन सभामा प्रस्तुत र निर्णयार्थ पेश।

३. आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

४.आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक, २०८२ उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट गाउँ सभा समक्ष प्रस्तुत र निर्णयार्थ पेश।

५ विविध।

निर्णयहरु:

निर्णय नं.१: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम,२०८२ गाउँपालिका अध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट तेह्रौ गाउँसभा समक्ष प्रस्तुत भई निर्णयार्थ पेश हुन आएको उक्त वार्षिक नीति तथा कार्यक्रम माथि दफावर छलफल गरी ठोरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम,२०८२ सर्वसम्मतले पारित गरियो।

निर्णय नं.२: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ वमोजिम गठित तपसिलका समितिहरुको प्रतिवेदनहरु सभाबाट सर्वसम्मत पारित गरियो।

तपसिल

१. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन,२०८२

२. श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको प्रतिवेदन.२०८२

३. वजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन.२०८२

निर्णय नं.३: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक,२०८२ गाउँपालिका उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट तेह्रो गाउँसभा समक्ष प्रस्तुत भई निर्णयार्थ पेश हुन आएको उक्त विधेयक माथि दफावार छलफल गरी ठोरी गाउँपालिकाको अर्थ सम्वन्धी विधेयक,२०८२ सर्वसम्मत पारित गरियो।

निर्णय नं.४: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक,२०८२ गाउँपालिका उपाध्यक्ष श्री गोकुली कुमारी रेग्मीज्यूबाट तेह्रो गाउँसभा समक्ष प्रस्तुत भई निर्णयार्थ पेश हुन आएको उक्त विधेयक माथि दफावार छलफल गर्न समय अपुग भएकोले उक्त विधेयकको दफावार छलफलको लागि तेह्रो सभाको दोस्रो वैठकमा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यारडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७४

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner

निर्णय नं.५: आर्थिक वर्ष २०८२/०८३ को ठोरी गाउँपालिकाको विनियोजन विधेयक,२०८२ को दफावार छलफल लगायत विभिन्न विषयहरुवारे निर्णय गर्न समय अपुग भएकोले तेहो गाउँसभाको दोस्रो वैठक तपसिल वमोजिम वसी छलफल गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०३/२३ गते | विहानः १०:०० वजे | ठोरी गाउँपालिकाको सभा हल, घ्याङ्गडाँडा, पर्सा। |

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्याङ्गडाँडा, पर्सा मधेश प्रदेश, नेपाल २०७४

लाल वहादुर श्रेष्ठ
अध्यक्ष

CamScanner